# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

www .kankrebihar .com

राष्ट्रिय दैनिक








❒ वर्ष : २६ ❒ अंक : ३४ ❒ बिहीवार, १२ कात्तिक, २०८३ ❒ Thursday, 29 Oct 2026 ❒ नेपाल संवत ११४६ ❒ पृष्ठ : ४ ❒ मूल्य : रू. १०


### रूखमा अड्किस्यो सुर्खेत–दैलेख १३२ केभी विद्युत

# कटान अनुमति नहुँदा २० टावरको जग खनिएन

❒ सुशील खड्का
सुर्खेत, ११ कात्तिक

कर्णाली प्रदेशको विकट भूगोल, कमजोर पूर्वाधार र वर्षौंदेखिको ऊर्जा संकटलाई दीर्घकालीन रूपमा सम्बोधन गर्ने रणनीतिक लक्ष्यसहित थालिएको सुर्खेत-दैलेख १३२ केभी विद्युत् प्रसारण लाइन विस्तार आयोजना प्रशासनिक उल्झनको सिकार बनेको छ। आयोजनाको ठेक्का सम्झौता भएको दुई वर्ष बितिसक्दा पनि कामले अपेक्षित गति लिन नसक्दा कर्णालीलाई राष्ट्रिय विद्युत् प्रसारण प्रणालीको उच्च क्षमतामा जोड्ने प्रदेशकै सर्वाधिक प्रतीक्षित सपना अनिश्चिततातर्फ धकेलिएको हो।

सुर्खेतको वीरेन्द्रनगरस्थित सुब्बाकुना सबस्टेसनबाट सुरु भएर दैलेखको चुप्रामा पुगेर टुंगिने यस प्रसारण लाइनको समग्र भौतिक प्रगति दुई वर्षको अवधिमा ७० प्रतिशत पुगेको छ। नेपालमा ठूला पूर्वाधार निर्माणमा देखिने पुरानै रोग–कमजोर पूर्वतयारी, अन्तरनिकाय समन्वयको अभाव र झन्झटिलो कानुनी प्रक्रिया यस आयोजनामा पनि दोहोरिएको छ। कुल ८० करोड रुपैयाँ लागतमा निर्माण भइहेको आयोजना २०८० मा निर्माण व्यवसायी कम्पनी सिग्मा काठमाडौंसँग सम्झौता गरिएको हो। सम्झौताअनुसार यो आयोजना २०८२ सालभित्रै निर्माण सम्पन्न भई सञ्चालनमा आइसक्नुपर्ने थियो। तर, निर्धारित समय सकिएर म्याद थप गर्दापनि काम अझै बाँकी छ।

प्राविधिक रूपमा ३२ किलोमिटर लम्बाइ रहने यस प्रसारण लाइन खण्डमा कुल १ सय १ वटा एंगल टावर निर्माण गर्नु पर्नेछ। तर, हालसम्म ४१ वटा टावर र ८१ वटा टावरको फाउण्डेशन





निर्माण गरिएको छ। आयोजनाको गति सुस्त हुनुमा भौगोलिक विकटता वा निर्माण व्यवसायीको लापरबाहीभन्दा पनि सरकारी संयन्त्रभित्रकै कानुनी तथा प्रशासनिक अड्चन मुख्य कारक हो। प्रसारण लाइनको रेखांकन सुर्खेतको वीरेन्द्रनगर नगरपालिका वडा नम्बर ११ र १३ हुँदै दैलेखको गुराँस गाउँपालिका वडा नम्बर ४ र ५ तथा डुङ्गेश्वर गाउँपालिका वडा नम्बर १ र ६ भएर चुप्रा पुग्छ। यो मार्गमा पर्ने राष्ट्रिय तथा सामुदायिक वन क्षेत्रका रुख कटानसम्बन्धी कानुनी जटिलता नै अहिले आयोजनाको मुख्य बाधक बनेको छ। प्रसारण लाइन निर्माण क्षेत्रमा पर्ने रुखहरू कटानका लागि मन्त्रिपरिषद्बाट अनिवार्य स्वीकृति लिनुपर्ने कानुनी व्यवस्था छ। तर लामो समयदेखि मन्त्रिपरिषद्बाट रुख कटानको औपचारिक निर्णय हुन नसक्दा आयोजना क्षेत्रका कम्तीमा २० वटा टावरको फाउन्डेसन खन्ने कामसमेत सुरु हुन सकेको छैन।

यस प्रसारण लाइन क्षेत्रमा साना तथा ठूला गरी झण्डै १९ हजारभन्दा बढी रुख कटान गर्नुपर्ने प्राविधिक अध्ययनले देखाएको छ। रुख कटानका लागि आवश्यक पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन, नापजाँच र वन मन्त्रालय मातहतका सम्पूर्ण प्रशासनिक प्रक्रिया पूरा गरेर निर्णयका लागि मन्त्रिपरिषद्को बैठकमा फाइल पेश गरिसकिएको आयोजनाका प्रमुख रविकुमार चौधरी बताउँछन्।

मन्त्रिपरिषद्बाट रुख कटानको अनुमति पाउनेबित्तिकै निर्माण कार्यले गति लिने र बाँकी टावरहरूको काम अघि बढाइने उनले बताए।

प्रसारण लाइनको टावर निर्माणतर्फ रुख कटानको अड्चनले काम रोकिँदा दैलेखको डुंगेश्वर गाउँपालिका-१, चुप्रामा निर्माणाधीन १३२ केभी सबस्टेसनको ६० प्रतिशत सकिएको छ। सुर्खेत-दैलेख प्रसारण लाइन एक जिल्लाको विद्युतीकरणसँग मात्र जोडिएको आयोजना होइन्। यो समग्र कर्णाली प्रदेशको ऊर्जा सुरक्षाको मेरुदण्ड हो। सरकारको दीर्घकालीन योजना अनुसार दैलेखको चुप्रा र बेलघारीमा बन्ने सबस्टेसनबाट यो लाइनलाई थप विस्तार गर्दै कालिकोट हुँदै हिमाली जिल्ला जुम्लासम्म पुऱ्याउने लक्ष्य छ। तर, दोस्रो चरणको कालिकोट-जुम्ला विस्तारका लागि सरकारले हालसम्म कुनै ठोस नीतिगत तथा बजेटमा योजना अघि बढाउन सकेको छैन्। प्रशारण लाइन नारायण नगरपालिका र नौमुले गाउँपालिका हुँदै कालिकोट जिल्ला प्रवेश गर्नेछ। कालिकोटको तिलागुफा नगरपालिका र महावै गाउँपालिका भएर जुम्लाको हिमा र तातोपानी गाउँपालिका हुँदै चन्दननाथ नगरपालिका-९ स्थित बयलकटियामा निर्माण हुने सबस्टेसनमा पुगेर आयोजना टुंगिने विस्तृत अध्ययन प्रतिवेदनमा उल्लेख छ।

दैलेख-कालिकोट-जुम्ला खण्डमा कुल ८२ दशमलव १४ किलोमिटर लामो रहनेछ। जसलाई डबल सर्किटसहितको १३२ केभी प्रसारण लाइनको रूपमा निर्माण गर्ने प्रस्ताव गरिएको छ। यस खण्डमा मात्रै कुल २ सय ७९ वटा टावरहरू निर्माण गर्नु पर्नेछ। आयोजनाअन्तर्गत दैलेख, कालिकोट र जुम्ला जिल्लामा १३२/३३/११ केभी क्षमताका सबस्टेसनहरू निर्माण गरी स्थानीय स्तरमा गुणस्तरीय र भरपर्दो विद्युत् आपूर्ति गर्ने लक्ष्य सरकारको छ।

विद्युत् विकास बाँकी पृष्ठ २

# आजदेखि देशका विभिन्न क्षेत्रमा वर्षा हुने

❒ काँक्रेविहार संवाददाता
काठमाडौं, ११ कात्तिक

नेपाल मौसम विज्ञान विभागले बङ्गालको खाडीमा बनेको अति शक्तिशाली चक्रवात 'अर्नब' भारतको आन्ध्र प्रदेशबाट जमिन प्रवेश गरेको जनाएको छ।

यसको प्रभावले नेपालका केही भू-भागमा समेत बादल लागिरहेको र बिहीबारदेखि देशका विभिन्न क्षेत्रमा वर्षा हुने विभागको भनाइ छ।

विभागको मौसमविद् बिनु महर्जनले बङ्गालको खाडीमा विकसित चक्रवात ' अर्णव' को प्रभावले नेपालका विभिन्न प्रदेशमा भारीदेखि अतिभारी वर्षा तथा हिमाली क्षेत्रमा हिमपातको सम्भावना रहेको जानकारी दिइन्।

'चक्रवातको प्रभाव नेपालमा देखिन थालिसकेको छ। हाल लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा आंशिक बदली रहेको र बुधवार बिहान लुम्बिनी प्रदेशका एक/दुई स्थानमा हल्का वर्षासमेत भएको थियो,' उनले भनिन्, 'चक्रवात आन्ध्र प्रदेश र यानमको तटीय क्षेत्रबाट जमिनतर्फ प्रवेश गरेको छ। उक्त प्रणाली क्रमशः उत्तरपश्चिमतर्फ सर्दै आगामी दिनमा कमजोर अवस्थामा उत्तर प्रदेश र विहार आसपास पुग्ने पूर्वानुमान छ।' महर्जनका अनुसार यसको प्रभावले नेपालमा पनि बदली, वर्षा र हिमपातको सम्भावना रहेको छ। शनिबारसम्म कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागका अधिकांश स्थानमा मध्यम वर्षाको सम्भावना रहेको उनको भनाइ छ।

# मेडिकल अधिकृतहरूलाई हाजिरी हुन ३ दिनको अल्टिमेटम, नभए सेवाबाट हटाइने




❒ काँक्रेविहार संवाददाता
जुम्ला, ११, कात्तिक

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानले कार्यालयमा हाजिरी हुन आउनेबारे ३ दिने सूचना जारी गरेको छ।

प्रतिष्ठानका रजिस्टारको कार्यालयद्वारा बुधबार प्रकाशित सूचनामा मेडिकल अधिकृतहरू डा. सङ्गीता न्यौपाने, डा. दिरिश्य विश्वकर्मा र डा. नविन कुमार मण्डललाई हाजिरी हुन ताकेता गरिएको छ।

उनीहरू प्रतिष्ठानको मेडिकल अधिकृत पदमा कामकाज गर्दै आएका थिए। उनीहरूको परीक्षणकाल समेत नकटेकै अवस्था रहेको र प्रतिष्ठानलाई आवश्यकता पनि नभएको हुँदा माग गरिएको अध्ययन बिदा अस्वीकृत गरी बारम्बार हाजिरी हुन ताकेता गर्दा हालसम्म पनि कार्यालयमा हाजिरी नभएको प्रतिष्ठानले जनाएको छ।

सूचना प्रकाशित भएको मितिले ३ दिनभित्र अनिवार्य रूपमा कार्यालयमा उपस्थित भई हाजिरी हुन अन्तिम पटक ताकेता गरिएको छ। सो समयावधिभित्र पनि हाजिरी हुन नआएमा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको कर्मचारीका सेवाका सर्त र सुविधा सम्बन्धी नियमावली, २०६९ (संशोधित २०८१ समेत) बमोजिम प्रचलित कानुनअनुसार सेवाबाट हटाउने गरी नियमानुसार प्रक्रिया अगाडि बढाइने ब्यहोरासमेत सूचनामार्फत सूचित गरिएको छ।

# 'दुर्गमका नागरिकले समान सेवासुविधा पाउनुपर्छ'

❒ काँक्रेविहार संवाददाता
हुम्ला, ११ कात्तिक

श्रम संस्कृति पार्टीका अध्यक्ष तथा सांसद हर्क साम्पाङले दुर्गम क्षेत्रका नागरिकले समान रूपमा सेवासुविधा पाउनुपर्ने बताएका छन्। अदानचुली र सर्केगाड गाउँपालिकामा आयोजित कार्यक्रममा सहभागी हुने क्रममा उनले उक्त कुरा बताएका हुन्। उनले भने, 'राज्यले उपलब्ध गराउने सेवा तथा सुविधाको असमान वितरण भएका कारण शिक्षा, स्वास्थ्य र यातायातलगायत आधारभूत सेवासुविधा सहर केन्द्रित छ। यसैका कारण ग्रामीण क्षेत्रमा बसोबास गर्ने नागरिकको संख्या घट्दै गएको छ।' नागरिकलाई समयअनुसारका आवश्यक सेवासुविधा सबै क्षेत्रमा उपलब्ध गराउन सके मानिसहरू जुनसुकै ठाउँमा पनि बस्न सक्ने उनले बताए। सो अवसरमा उनले तुइनबाट नदी तर्नुपर्ने बाध्यता अन्त्य गर्ने प्रतिबद्धतासमेत जनाएका छन्। सांसद साम्पाङको यो भ्रमण सर्केगाड गाउँपालिका-२ स्थित खडीखेतमा कर्णाली नदीमाथि झोलुङ्गे पुल निर्माणसँग जोडिएको बताइएको छ। उक्त स्थानमा स्थानीय नागरिक जोखिम मोलेर तुइनको सहायताले नदी पार गर्न बाध्य भएको विषय सञ्चारमाध्यम र सामाजिक सञ्जालमा सार्वजनिक भएपछि उनले झोलुङ्गे पुल निर्माण गर्ने प्रतिबद्धता जनाएका थिए।


विपत्को पूर्व तयारीमा जुटौं



- आपतकालिन सामग्री (खानेपानी, औषधि, टर्च, कागजात, आदि) सधैं तयार राखौं,
- जोखिमयुक्त ठाउँमा बसोबास नगरी सुरक्षित स्थान रोजौं,
- घर निर्माण गर्दा प्राविधिक मापदण्ड पालना गरौं,
- विद्यालय, कार्यालय र समुदायमा विपत् व्यवस्थापन योजना बनाऔं,
- अफबाहको पछि नलागौं - आधिकारिक जानकारीमा मात्र भर परौं ।

विपत् रोक्न सकिँदैन, तर क्षति घटाउन सकिन्छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

# सडक पहुँचबाट वञ्चित नागरिकप्रति सरकारको जवाफदेहिता खोइ ?

संघीयता कार्यान्वयन भएको झन्डै नौ वर्ष पुग्न लाग्दा पनि कर्णालीका आठ स्थानीय तहका केन्द्र राष्ट्रिय सडक सञ्जालसँग जोडिन सकेका छैनन् । प्रदेशका ७९ स्थानीय तहमध्ये ७१ वटाका केन्द्रसम्म सडक पुगे पनि बाँकी आठ पालिकाका नागरिक अझै यातायात सुविधाबाट वञ्चित छन् । विकास र समृद्धिलाई मुख्य नारा बनाएका तीन तहका सरकारका लागि यो अवस्था गम्भीर प्रश्न हो । नागरिकले आधारभूत पूर्वाधारकै अभाव झेलिरहनुपर्ने अवस्थाले सरकारका विकास प्रतिबद्धता र कार्यान्वयनबीचको दूरी स्पष्ट पारेको छ । मुगुको मुगुम कार्मारोङ गाउँपालिकामा खाद्यान्नलगायत दैनिक उपभोग्य सामग्री ढुवानी गर्न मानिस र खच्चडको भर पर्नुपर्ने बाध्यता छ । डोल्पोबुद्ध गाउँपालिकाको केन्द्र धोबाट सदरमुकाम दुनै पुग्न तीनदेखि पाँच दिनसम्म पैदल हिँड्नुपर्छ । सडक नहुँदाको समस्या यात्रामा हुने कठिनाइमा मात्रै सीमित छैन । बिरामीलाई उपचारका लागि अस्पताल पुऱ्याउन, दैनिक आवश्यकताका सामग्री ढुवानी गर्न र सरकारी सेवा लिनसमेत नागरिकले सास्ती भोगिरहेका छन् । यस्तो अवस्थामा सडक केवल भौतिक पूर्वाधार नभई नागरिकको जीवनस्तर सुधारसँग जोडिएको आधारभूत आवश्यकता हो ।

डोल्पाका चार, कालीकोटका तीन र मुगुको एक पालिका अझै राष्ट्रिय सडक सञ्जालबाहिर छन् । डोल्पा र मुगुमा कठिन भूगोल तथा चट्टान सडक निर्माणका चुनौती बनेका छन् भने कालीकोटमा सडकको ट्र्याक खोलिए पनि मोटरेबल पुल नबन्दा यातायात सञ्चालन हुन सकेको छैन । सडक निर्माणमा लगानी गर्ने तर त्यसलाई आवश्यक पुलसँग नजोड्ने प्रवृत्तिले विकास योजनाको समन्वय र प्राथमिकतामाथि प्रश्न उठाएको छ । नागरिकलाई उपयोग गर्न नमिल्ने अधुरो पूर्वाधारले सरकारी उपलब्धिको अर्थ राख्दैन । कठिन भूगोललाई विकासमा ढिलाइ हुनुको स्थायी बहाना बनाउन मिल्दैन । संघीय, प्रदेश र स्थानीय सरकारले जिम्मेवारी स्पष्ट बाँडफाँट गरी निर्माणाधीन सडक तथा पुलका लागि समयसीमासहितको कार्ययोजना बनाउनुपर्छ । बजेट विनियोजन मात्रै उपलब्धि होइन, त्यसको प्रतिफल नागरिकसम्म पुग्नु महत्वपूर्ण हो । निर्माणमा देखिएका प्राविधिक समस्या समाधान, पर्याप्त स्रोत व्यवस्थापन र नियमित अनुगमनलाई प्राथमिकता दिन आवश्यक छ ।

प्रदेश सरकारको दोस्रो कार्यकालसमेत अन्तिम चरणतर्फ पुग्दै गर्दा सडकविहीन पालिकाका नागरिकले अझै आश्वासनमै चित्त बुझाउनुपर्ने अवस्था स्वीकार्य छैन । विकासको वास्तविक मापन सडकको कुल लम्बाइले होइन, त्यसले नागरिकको जीवनमा ल्याएको परिवर्तनले हुनुपर्छ । त्यसैले तीनै तहका सरकारले अधुरा आयोजना सम्पन्न गर्न ठोस परिणाम देखाउनुपर्छ । सडकको प्रतीक्षामा रहेका नागरिकलाई चुनावको बेलामा आश्वासन मात्र नभइ सुरक्षित र भरपर्दो यातायात पहुँच चाहिएको छ । यसतर्फ सरकारले बेलैमा ठोस योजना बनाएर लागु गर्न आवश्यक छ ।

## कटान...

विभागका अनुसार यो खण्ड निर्माणका लागि कुल १ सय ५० दशमलव ३३ हेक्टर जमिन आवश्यक पर्नेछ । जसमध्ये २ सय ७९ वटा टावरहरूको स्थायी संरचना निर्माण गर्नका लागि मात्रै करिब १२ दशमलव ४ हेक्टर जमिन अधिग्रहण गर्नुपर्नेछ ।

यसबाहेक प्रसारण लाइनको दायाँबायाँ पर्ने विद्युत् मार्गको अधिकार क्षेत्र अर्थात् राइट अफ वे अन्तर्गत १ सय ३२ दशमलव ६९ हेक्टर जमिन आयोजनाको उपयोगमा आउनेछ । विद्युत् नियमावली, २०५० मा तोकिएका मापदण्डअनुसार प्रसारण लाइनको क्षेत्राधिकार मध्यबिन्दुबाट दायाँ र बायाँ नौ-नौ मिटर गरी न्यूनतम १८ मिटर कायम गरिने प्राविधिक मापदण्ड निर्धारण गरिएको छ ।

१३२ केभी प्रसारण लाइनको अभावमा स्थानीय नागरिकले नियमित र गुणस्तरीय बिजुली उपभोग गर्न पाएका छैनन् भने कर्णालीका विभिन्न नदी तथा खोलाहरूमा निर्माण भइरहेका तथा निर्माणको पर्खाइमा रहेका दर्जनौं जलविद्युत् आयोजनाहरूको भविष्यसमेत अन्योलमा छ ।

उत्पादित विद्युत् राष्ट्रिय ग्रिडमा जोड्न नसकिने डरले स्वतन्त्र ऊर्जा उत्पादकहरू (निजी क्षेत्र) समेत कर्णालीमा ठूलो लगानी गर्न हिचकिचाइरहेका छन् ।

सूचना, समाचार तथा विज्ञापनको लागि
९८५१३४४७५४ मा सम्पर्क गर्नुहोला ।

# खेलप्रतिको जनउत्साहदेखि दिगो आर्थिक विकाससम्म



✍ प्रा.डा. महानन्द चालिसे

नेपालमा क्रिकेट लोकप्रिय खेल मात्र नभई रोजगारी, उद्यमशीलता, पर्यटन, लगानी र राष्ट्रिय पहिचान प्रवर्द्धनको सम्भावना बोकेको उदीयमान आर्थिक क्षेत्रका रूपमा विकसित हुँदै छ । अन्तर्राष्ट्रिय क्रिकेट र नेपाल प्रिमियर लिग (एनपीएल) को बढ्दो लोकप्रियताले प्रायोजक, फ्रेन्चाइज, प्रसारण संस्था, डिजिटल प्लेटफर्म र दर्शकको आकर्षण बढाएको छ । तर यसको दिगो विकासका लागि व्यावसायिक सफलता मात्र पर्याप्त हुँदैन; पारदर्शी, जवाफदेही र प्रभावकारी सुशासन पनि उत्तिकै आवश्यक छ ।

**क्रिकेटको उदीयमान अर्थतन्त्र**

क्रिकेटले टिकट बिक्री, प्रायोजन, प्रसारण अधिकार, विज्ञापन, फ्रेन्चाइज लगानी, खेल सामग्री, होटेल, रेस्टुरेन्ट तथा पर्यटनमार्फत आर्थिक गतिविधि सिर्जना गर्छ । ठुला प्रतियोगिताले यातायात व्यवसायी, स्थानीय विक्रेता, होटेल व्यवसाय, खेल पत्रकार, प्रशिक्षक, अम्पायर र खेल व्यवस्थापनसम्बन्धी जनशक्तिका लागि अवसर सिर्जना गर्छ ।

नेपाल प्रिमियर लिगको विस्तारले नेपाली क्रिकेटमा बढ्दो व्यावसायिक सम्भावना देखाएको छ । तथापि, अनुमानित आर्थिक कारोबारलाई वास्तविक आम्दानी, खुद नाफा वा कुल गार्हस्थ्य उत्पादनमा भएको योगदानका रूपमा बुझ्नु हुँदैन । यसको वास्तविक प्रभाव मापन गर्न विश्वसनीय वित्तीय तथ्याङ्क र स्वतन्त्र आर्थिक विश्लेषण आवश्यक छ ।

**नेपालमा क्रिकेटको सुशासन**

नेपालमा क्रिकेटको प्रमुख राष्ट्रिय नियामक तथा व्यवस्थापकीय संस्था नेपाल क्रिकेट संघ (क्यान) हो । राष्ट्रिय खेलकुद परिषद्, नेपाल सरकार, अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसीसी), प्रादेशिक तथा जिल्ला क्रिकेट संघ, एनपीएल व्यवस्थापन संरचना र निजी फ्रेन्चाइजहरूको पनि आ-आफ्नै भूमिका छ ।

प्रभावकारी सुशासनका लागि संस्थागत जिम्मेवारीको स्पष्ट विभाजन, पारदर्शी निर्णय प्रक्रिया, प्रतिस्पर्धात्मक खरिद प्रणाली, स्वतन्त्र लेखापरीक्षण र व्यावसायिक सम्झौतामाथि उचित निगरानी आवश्यक हुन्छ । लागू कानुन तथा सम्झौताअनुसार वित्तीय विवरण, प्रायोजन सम्झौता, प्रसारण अधिकार, टिकट बिक्री र आम्दानी बाँडफाँटको विवरण सार्वजनिक गरिनुपर्छ ।

विशेषतः सार्वजनिक पूर्वाधार, सरकारी स्रोत वा सार्वजनिक हितसँग जोडिएका गतिविधिमा पारदर्शिता र जवाफदेहिता अनिवार्य हुन्छन् ।

**प्रमुख चुनौती र सुधारका क्षेत्र**

नेपाली क्रिकेटले निम्न पाँच क्षेत्रमा विशेष ध्यान दिनुपर्ने देखिन्छ । यति गर्न सकेमा नेपाली क्रिकेटले उचाइ हासिल गर्ने अपेक्षा गर्न सकिन्छ ।

वित्तीय पारदर्शिताः क्यान र प्रमुख प्रतियोगिताका लेखापरीक्षित वित्तीय विवरण समयमै सार्वजनिक गर्ने ।

संस्थागत जवाफदेहिताः क्रिकेट संघ, प्रतियोगिता व्यवस्थापक र फ्रेन्चाइजहरूको अधिकार तथा जिम्मेवारी स्पष्ट गर्ने ।

इमानदारी र निष्पक्षताः स्वार्थको द्वन्द्व नियन्त्रण, पारदर्शी खरिद प्रक्रिया र प्रभावकारी उजुरी सुनुवाइ प्रणाली लागू गर्ने ।

समावेशी विकासः महिला क्रिकेट, उमेर समूहका प्रतियोगिता, जिल्ला संघ र नयाँ प्रतिभाको विकासमा पर्याप्त लगानी गर्ने ।

पूर्वाधार र लगानीः दिगो खेलमैदान, प्रशिक्षण सुविधा र क्षेत्रीय क्रिकेट विकासमा जोड दिने ।

क्रिकेट र आर्थिक विकासको सम्बन्ध

क्रिकेटलाई पर्यटन, आतिथ्य सेवा, शिक्षा र उद्यमशीलतासँग जोड्न सकिन्छ । अन्तर्राष्ट्रिय प्रतियोगिता तथा एनपीएललाई नेपालको सांस्कृतिक सम्पदा, धार्मिक स्थल र प्राकृतिक आकर्षणसँग जोडेर पर्यटकको बसाइ अवधि तथा स्थानीय खर्च बढाउन सकिन्छ ।

त्रिभुवन विश्वविद्यालयको व्यवस्थापन संकायलगायत शैक्षिक संस्थाले खेल अर्थशास्त्र, खेल व्यवस्थापन, प्रायोजन, कार्यक्रम सञ्चालन र खेल बजारीकरणसम्बन्धी अध्ययन तथा जनशक्ति विकासमा योगदान दिन सक्छन् । प्रतियोगिताले सिर्जना गरेको रोजगारी, स्थानीय व्यवसायको सहभागिता, पर्यटन खर्च र पूर्वाधार लागतको स्वतन्त्र मूल्याङ्कन पनि आवश्यक छ ।

**निष्कर्ष**

नेपाली क्रिकेटलाई जनउत्साह र सीमित व्यावसायिक गतिविधिमा मात्र निर्भर नराखी दिगो खेल उद्योगका रूपमा विकास गर्न व्यावसायिक व्यवस्थापन, पारदर्शी वित्तीय प्रणाली, स्वतन्त्र निगरानी र आर्थिक लाभको न्यायोचित वितरण सुनिश्चित गर्नुपर्छ ।

क्रिकेटको वास्तविक सफलता कति आम्दानी भयो वा कति उपाधि जितियो भन्नेमा मात्र होइन; त्यसबाट सिर्जित आर्थिक मूल्य कति पारदर्शी रूपमा व्यवस्थापन गरियो र खेलाडी, संस्था, समुदाय तथा नेपाली खेलकुदको भविष्यमा कति प्रभावकारी रूपमा पुनःलगानी गरियो भन्नेमा निर्भर हुन्छ ।

*(लेखक चालिसे त्रिभुवन विश्वविद्यालय व्यवस्थापन शंकायका डिन हुन् ।)*

# प्रतिभाको हत्यारा: परिमाणात्मक नतिजाको दबाब



✍ दिनेश खनाल

आजको २१ औं शताब्दीमा शिक्षालाई मानवको तेस्रो आँखाको रूपमा बुझिन्छ। गुणस्तरीय शिक्षा प्राप्त गर्नका लागि दुर्गम तथा टाढा-टाढाका जिल्लाहरूबाट राजधानीका राम्रा विद्यालयहरूमा आएर अध्ययन गर्ने प्रक्रिया जारी छ। शिक्षाले मानवमा ज्ञान, चेतना, आत्मविश्वास र असल संस्कारको विकास गराउँछ। त्यही बौद्धिक र मानसिक विकासलाई मापन गर्न औपचारिक वा अनौपचारिक रूपमा परीक्षा लिने गरिन्छ।

आजको यस प्रतिस्पर्धात्मक युगमा परीक्षामा उच्च अङ्क ल्याउनेलाई नै सफल र प्रतिभाशाली विद्यार्थीका रूपमा हेरिन्छ। जसले कम अङ्क ल्याउँछ, उसलाई कमजोर ठान्ने हाम्रो समाजको सोच र प्रवृत्ति छ। तर के परीक्षामा प्राप्त अङ्कले मात्रै विद्यार्थीको वास्तविक क्षमता र सफलता निर्धारण गर्न सक्छ त?

मेरो विचारमा, परीक्षामा प्राप्त अङ्क महत्वपूर्ण भए तापनि त्यसलाई नै सफलताको एकमात्र मापक मान्नु बिल्कुलै ठिक होइन। राम्रो अङ्क ल्याउँदा उच्च शिक्षामा निःशुल्क भर्ना हुन पाउनु र छात्रवृत्ति पाउनु जस्ता अवसरहरू निश्चय नै मिल्छन्। तर, परीक्षाको अङ्कले केवल घोक्ने क्षमता वा निश्चित ३ घण्टाको प्रस्तुतिलाई मात्र देखाउँछ। यसले विद्यार्थीभित्र लुकेको व्यवहारिक ज्ञान, सिर्जनशीलता, नेतृत्व क्षमता र समस्या समाधान गर्ने वास्तविक खुबीलाई पूर्ण रूपमा मापन गर्न सक्दैन। जीवनको परीक्षामा सफल हुनका लागि किताबी ज्ञान र अङ्क मात्र होइन, इच्छाशक्ति, लगनशीलता र नैतिक चरित्रको बढी आवश्यकता पर्दछ।

सबै गुण केवल परिणाममा मात्र हुँदैनन् । तिनको विकासका लागि व्यवहारिक अनुभव, निरन्तर अभ्यास र संघर्ष हुनुपर्दछ । मेहनत, आत्मविश्वास, इमानदारी, अनुशासन, धैर्य, सकारात्मक सोच र सिर्जनशीलता नै सफलता हासिल गर्ने क्षमता हुन् । असफलताबाट निराश नभई तिनैबाट पाठ सिकेर अगाडि बढ्नु नै सफलताका विशेषता हो ।

उदाहरणका लागि, एउटा खेलाडीलाई सफल हुन खेलकुदसँगै साधना साथै नियमित अभ्यास, अनुशासन र शारीरिक क्षमताको आवश्यकता पर्दछ । त्यस्तै सफल उद्यमीका लागि योजना बनाउने, जोखिम मूल्याङ्कन गर्ने र सहि निर्णय लिन सक्ने क्षमता हुन आवश्यक छ ।

हाम्रो नेपाली समाजमा धेरै अभिभावकले आफ्ना छोराछोरीमा परिमाणात्मक उत्कृष्ट अङ्क ल्याएको हेर्न चाहन्छन् । शिक्षक र विद्यालयले पनि राम्रो नतिजालाई आफ्ना सफलतामा जोड्ने गर्दछन् । विद्यार्थीलाई राम्रो अङ्क ल्याउने दबाव सिर्जना गर्नुहुन्छ । उनीहरु ज्ञान भन्दा बढी अङ्कमा केन्द्रित हुन्छन्, जसले गर्दा विद्यार्थीको वास्तविक रुचि र प्रतिभामा बेवास्ता हुन्छ

विद्यार्थीको रुची र प्रतिभा पहिचान गर्न विद्यालयमा खेलकुद, साहित्य, संगीत, चित्रकला, विज्ञान, प्रर्दशनी रूप प्रविधि सम्बन्धी अवसर उपलब्ध गराउनुपर्छ । नेतृत्व सिपको क्षमता, सहकार्य, सञ्चार सीप र समस्या समाधान गर्ने क्षमताको विकासले शिक्षालाई छवित गराउँदछ ।

शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तक कुरा कण्ठ गर्न मात्र नभई विषयवस्तु बुझि प्रश्न गर्न, तर्क राख्न र नयाँ विचार प्रस्तुत गर्न प्रोत्साहन गर्नुपर्छ। अभिभावकले पनि हेराहेरिका खुवीलाई नै प्रोत्साहन गर्नुपर्छ। जीवनमा मेहनत गर्दागर्दै पनि अपेक्षित नतिजा प्राप्त नहोला त्यसलाई सफलताको आधार मानि अघि बढ्नुपर्छ। परिक्षामा कम अंक ल्याउनु जीवनको निष्कर्ष होइन्। भविष्यमा सफल हुनको लागि सिक्ने इच्छा, आत्मविश्वास र निरन्तर मेहनत हो, त्यसैले विद्यार्थीलाई डराउनुभन्दा त्यसबाट पाठ सिकेर अगाडि बढ्न प्रत्योहन गर्नु नै मानिसको सचेत ज्ञान हो।

मानवताको स्विकार अनि नेपाली समाजको विकासका आधार सैद्धान्तिक शैक्षिक प्रणालीले शाँधै पोषण गर्दछ। नेपाली समाज र विद्यार्थीको सहि योग्यता मापन गर्न सैद्धान्तिक नभई व्यावहारिक शिक्षालाई वृद्धि गर्न आवश्यक छ।

त्यसकारण शिक्षा केवल परीक्षामा धेरै अङ्क ल्याउनु होइन, जीवनलाई उपयोगी, जिम्मेवारी र अर्थपूर्ण बनाउन शिक्षा हाम्रो तेस्रो आँखा मानिएको हो। वास्तविक सफलता प्रमाणपत्र र अङ्क नभई आफ्ना ज्ञान, कला, सीप र प्रतिभालाई प्रयोग गर्दै जीवनमा सकारात्मक उपलब्धि हासिल गर्नु हो।

अङ्कले विद्यार्थीको शैक्षिक उपलब्धि देखाउन सक्छ तर उसको सम्पूर्ण प्रतिभा र भविष्यको सम्भावना निर्धारण गर्न सक्दैन। राज्यको, समाजको र परिवारको पक्षमा सकारात्मक योगदान दिनु नै उचित शिक्षा हो भन्ने धारणा म सबै माझ व्यक्त गर्दछु।

# विशेषज्ञ नहुँदा सेवा प्रभावित



❒ **काँक्रेविहार संवाददाता**
हुम्ला, ११ कात्तिक

जिल्ला अस्पतालमा विशेषज्ञ चिकित्सक नहुँदा बिरामीको उपचारमा समस्या भएको छ। विशेषज्ञ चिकित्सक नहुँदा जिल्लामै सुत्केरी गराउन सकिने गर्भवती महिलालाई सुर्खेत पठाउनु परेको गर्भवतीका आफन्त जयबहादुर शाहीले बताए।

यसअघि अस्पतालमा बेथा लागेकी गर्भवती आए अस्पतालमै सुत्केरी गराउन सकिन्थ्यो तर विशेषज्ञ चिकित्सक नभएका कारण जिल्ला बाहिर रेफर गर्नु परेको उनले बताए।

डेढ महिनादेखि जिल्ला अस्पताल हुम्लामा विशेषज्ञ चिकित्सक नहुँदा बिरामी मर्कामा परेको अस्पतालका वरिष्ठ अनमी सरिता बोहराले बताए। विशेषज्ञ चिकित्कसको अभावले परिवार नियोजन, प्रसूति सेवा, जटिल किसिमका अन्य बिरामी आए रेफरको विकल्प नभएको उहाँले जनाए।

दुई जना विशेषज्ञ चिकित्सकको दरबन्दी भए पनि दुवै दरबन्दी पूरा नभएको बताउँदै उनले एक जना भएको जनशक्ति पनि सरुवा भएपछि जिल्ला अस्पताल विशेषज्ञ चिकित्सकविहीन भएको जानकारी दिए।

प्रदेशबाट अस्पतालका लागि विशेषज्ञ चिकित्सकको व्यवस्था नगरी भएको जनशक्ति पनि सरुवा गर्दा दुर्गमको अस्पतालका बिरामीले सास्ती खेप्नु परेको उनको भनाइ छ। उपलब्ध हुनुपर्ने विशेषज्ञ सेवा हाल नभएका कारण बिरामी मर्कामा परेको अस्पतालका डा. मुकेश यादवले बताए।

यस्तै सात जना चिकित्सक जिल्ला अस्पतालमा हुनुपर्ने भए पनि हाल तीन जनाले मात्रै सेवा प्रदान गर्दै आएका छन्। निमित्त कार्यालय प्रमुखसहित अन्य एक जना चिकित्सक दसैँ मनाउन घर गएको भए पनि फिर्ता भएका छैनन्।

# कञ्चनपुरका स्थानीय तहलाई रासायनिक मलको कोटा निर्धारण

❒ **काँक्रेविहार संवाददाता**
कञ्चनपुर, ११ कात्तिक

कृषि सामग्री कम्पनी लिमिटेड महेन्द्रनगर शाखाले यहाँका स्थानीय तहलाई रासायनिक मलको कोटा निर्धारण गरेको छ।

कम्पनीले युरिया र डिएपी मलको कोटा निर्धारण गरिएको महेन्द्रनगर शाखाका प्रबन्धक हेमराज जोशीले जानकारी दिए। उनका अनुसार प्रदेश मल वितरण व्यवस्थापन समितिबाट महेन्द्रनगर शाखालाई प्राप्त हुने ५४१ मेट्रिक टन युरिया र ४८७ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको हो।

जिल्लाको भीमदत्त नगरपालिकालाई १०३ मेट्रिक टन युरिया र ९३ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको छ। बेदकोट नगरपालिकाका लागि ९५ मेट्रिक टन युरिया र ८५ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको छ। त्यसैगरी, यहाँको शुक्लाफाँटा नगरपालिकाका लागि ९५ मेट्रिक टन युरिया र ८६ मेट्रिक टन डिएपीको कोटा निर्धारण गरिएको छ। दोधारा चाँदनी नगरपालिकाका लागि ७९ मेट्रिक टन




युरिया र ७१ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको छ।

कृष्णपुर नगरपालिकाले १०३ मेट्रिक टन युरिया र ९३ मेट्रिक टन डिएपी मल प्राप्त गर्नेछन्। बेलडाँडी गाउँपालिकाका लागि ६४ मेट्रिक टन युरिया र ५७ मेट्रिक टन डिएपी मलको कोटा निर्धारण गरिएको छ।

"हामीले पालिकाहरूका लागि कोटा निर्धारण गरेका छौँ, त्यही कोटाभित्र नगरपालिकाले पालिकाभित्र रहेका सहकारीलाई कति परिमाणमा मलखाद उपलब्ध गराउनुपर्ने हो त्यसको सिफारिस पठाउनुपर्छ," शाखा प्रमुख जोशीले भने, "स्थानीय तहको सिफारिसका आधारमा कम्पनीले सहकारीलाई बुधबारदेखि नै रासायनिक मल वितरण गर्छ।"

मल बिक्री गर्ने सहकारीले किसानलाई वितरण गरेको मलको विवरण एफएमएस प्रणालीमा अनिवार्य रूपमा अद्यावधिक गर्नुपर्ने छ।

त्यसैगरी, अनुदानको मल वितरण व्यवस्थापन कार्यविधिअनुसार आवश्यक विवरण तथा प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तहबाट प्रमाणित गराएर कृषि सामग्री कम्पनीको महेन्द्रनगर शाखामा पेस गर्नुपर्ने छ। कम्पनीले १० दिनभित्र मल लैजान अनुरोध गरेको छ।

# चिरपटले हान्दा ६२ वर्षीय पुरूषको मृत्यु

❒ **काँक्रेविहार संवाददाता**
सुर्खेत, ११ कात्तिक

सुर्खेतमा चिरपट (दाउरा)ले हान्दा चोट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा गुर्भाकोट नगरपालिका-८, सुन्दरनगर ६२ वर्षीय मानबहादुर राजी रहेका छन्।

प्रहरीका अनुसार, सोही ठाउँका ४० को 'मैते' भन्ने टेकबहादुर विकले मंगलवार



राति ११ बजेको समयमा चिरपट (दाउरा) ले टाउको र बायाँ खुट्टामा प्रहार गरेका थिए।

घाइते भएका राजीलाई उपचारको लागि प्रदेश अस्पताल पुऱ्याइएको थियो। स्वास्थ्यमा सुधार नआएपछि राति थप उपचारको लागि कोहलपुर मेडिकल कलेज, कोहलपुर पुऱ्याइयो।

यद्यपि, त्यहाँ पनि सुधार नआएपछि मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका निमित्त सूचना अधिकारी, प्रहरी निरीक्षक श्यामप्रकाश यादवले बताए। कुटपिट गर्ने टेकबहादुर विकलाई पक्राउ गरिसकिएको उनले बताए।

# बाँकेमा कालानमक धानको संरक्षण गरिँदै



❒ **काँक्रेविहार संवाददाता**
बाँके, ११ कात्तिक

सुगन्धित र स्वादिलो कालानमक जातको धानको बाँकेमा संरक्षण गर्न थालिएको छ।

परम्परागत कालानमक धानको जात हराउँदै गएको भन्दै यहाँका किसानले जिल्लाका कतिपय स्थानमा यसको व्यावसायिक खेती गर्न थालेका छन्। जानकी गाउँपालिका-३ स्थित दीपाकुमारी काँदु गुप्ताले सुरुमा दुई कट्ठामा लगाएको कालानमक जातको धान अहिले १० कट्ठा जमिनमा लगाएका छन्।

उनले सो धान महँगो मूल्यमा बिक्री हुने भएकाले यस धानप्रतिको आर्कषण बढ्दै गएको जानकारी दिँदै अधिकांश किसानले सो धान लगाउन थालेको बताए। "अर्को कुनै हाइब्रिड जातको धान प्रतिक्विन्टल रु तीन हजार देखि तीन हजार २०० मूल्यमा बिक्री हुन्छ तर कालानमक जातको धान रु १२ हजार क्विन्टलमा बिक्री हुन्छ", किसान गुप्ताले भने।

किसानलाई धान स्याहार गर्न पनि सहज जातको धान कालानमक भएको जानकारी दिँदै किसानले अन्य धानको तुलनामा यसबाट बढी प्रतिफल पाएको उनले बताए।

सो धानको चामलबाट बनाइएको भात मुलायम र सुगन्धित हुने जानकारी दिँदै किसान गुप्ताले यस वर्ष २० किलो कालनमक जातको धानबाट करिब १५ क्विन्टल धान उत्पादन गर्ने लक्ष्य भएको बताए।

उनले भने, "अन्य हाइब्रिड जातका धानभन्दा यसको उत्पादन केही घट्छ तर यो महँगो मूल्यमा बिक्री हुन्छ", कालानमक धानको बजार स्थानीय बजार नै रहेको र यसको माग पनि बढ्दै गएको उल्लेख गर्दै किसान गुप्ताले कालानमक धानको व्यावसायिक खेती गर्न थालिएको जानकारी दिए।

उनले परीक्षणका लागि सुरुमा एक किलो कालानमक धानखेतीबाट सो धानको उत्पादन सुरु गरिएको जानकारी दिँदै चार जर्षअघिदेखि यसको उत्पादन गरिरहेको बताए।

बाँकेको जानकी गाउँपालिका-५, गुर्वा गाउँका किसान रमेशकुमार बर्माले पनि व्यावसायिक रुपमा कालानमक धानको खेती गरका छन्। उनका अनुसार तीन बिघा जमिनमा सो धानको खेती भएको छ। खादा मिठो हुने भएकाले यो धान हाइब्रिड धानको तुलनामा महँगो पर्ने किसान बर्माको भनाइ छ।

यस धानको लागि पर्याप्त सिँचाइ र पानी उपलब्ध हुनुपर्छ। यो धान असारमा रोपेपछि कात्तिकको अन्तिम साता मात्रै काट्न तयार हुन्छ।

मसिनो र बास्नादार मानिने यो धान कालो भएकाले यसलाई कालानमक भनिएको किसानको भनाइ छ। यो धान करिब १४० दिनमा तयार हुने बताइएको छ।

कृषि ज्ञान केन्द्र, नेपालगन्जका प्रमुख डा विनोद घिमिरेले रैथाने बाली संरक्षण तथा प्रवर्द्धन कार्यक्रमअन्तर्गत यसको संरक्षणमा जोड दिइएको उल्लेख गर्दै किसानले मूल्य पाउने भएकाले पनि यसको खेती भइरहेको बताए।

उनले केही सीमित किसानले कालानमक धानको खेती गरेकाले बीउमा सहयोग गरिएको जानकारी दिँदै बजार क्षेत्रमा यसको माग बढ्दै गएको बताए। बाँकेको कोहलपुर नगरपालिका र बैजनाथ गाउँपालिपालिकामा सबैभन्दा बढी कालानमक धानको खेती हुँदै आएको छ।

# पर्यटक भिसामा आएर क्रिश्चियन धर्मको प्रचार गरेको आरोपमा पाँच अमेरिकीसहित १० विदेशी नागरिक पक्राउ

❒ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ११ कात्तिक

पर्यटक भिसामा नेपाल आएर क्रिश्चियन धर्म प्रचारमा संलग्न भएको आरोपमा पाँच अमेरिकीसहित १० जना विदेशी नागरिक पक्राउ परेका छन्। क्रिश्चियन मिसनका लागि स्वास्थ्य शिविर सञ्चालन गरेको आरोपमा उनीहरूलाई मोरङबाट पक्राउ गरिएको हो।

कानेपोखरी गाउँपालिका-७, बरगाछीमा क्रिश्चियन धार्मिक गतिविधि प्रचारमा संलग्न रहेको 'मर्सी डेभलपमेन्ट' नामक संस्थाले पर्यटक भिसामा आएका विदेशी चिकित्सकसहित स्वास्थ्य शिविर सञ्चालन गरेको कारण दश जना विदेशी नागरिकको कागजात जफत गरी अध्यागमन विभाग पठाइएको छ।

शिविरमा आवश्यक अनुमति नलिई पर्यटक भिसामा आएका विदेशी नागरिक संलग्न भएकोले विदेशी नागरिक अनुगमन जिल्ला समितको निर्णयले उनीहरूको राहदानी आवश्यक कारबाहीका लागि विभाग पठाइएको छ।

गत कार्तिक ८ गतेदेखि चार दिनसम्म सञ्चालन गर्ने गरी सुरु गरिएको शिविरमा १० जना विदेशी नागरिकसहित सेवा दिइरहेका थिए। शिविरको तयारी पास्टर पावेल दङ्गालले गरेका थिए।

स्थानीयस्तरमा अस्पताल निर्माण गर्ने उद्देश्यले प्रयोग गरिने भनिएको जग्गामा यस अघि पास्टर बाङदेलले क्रिश्चियन धार्मिक कक्षा संचालन गर्दै आएका थिए।

मोरङको कानेपोखरी बरगाछीका किराना व्यवसायी नवराज श्रेष्ठले अस्पताल निर्माणका लागि भन्दै तीन कट्ठा जग्गामा छ वटा साना-ठूला भवन निर्माण गरेको र सोही भवनमा हाल धार्मिक गतिविधि तथा अन्य कार्यक्रमका लागि प्रयोग भइरहेको विवाद सुरु भएपश्चात स्थानीयलाई खुसी पार्न किराना व्यवसायी नवराज श्रेष्ठले शिविरको आयोजना गरेका थिए। हाल उक्त स्थानमा दुई जना पास्टर र केही सिलाइकटाइ प्रशिक्षक बस्दै आएको पाइएको छ।

सो कार्यक्रममा ब्राजिल, क्यानडा र अमेरिकाका गरी १० जना विदेशी नागरिकको रहेको पाइएको छ। उनीहरू सन् २०२६ अक्टोबर २२ र २३ मा नेपाल प्रवेश गरेको तथा उनीहरूको भिसाको म्याद नोभेम्बर ६ देखि २१ सम्म रहेको देखिएको गृह मन्त्रालयले जनाएको छ। तीन जना ब्राजिलका, दुई जना क्यानडाका र पाँच जना अमेरिकी नागरिक पक्राउ परेका हुन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

# एनपीएलमा सुदूरपश्चिम रोयल्सको पहिलो जित, पोखरा ६ विकेटले पराजित



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ११ कात्तिक

सुदूरपश्चिम रोयल्सले नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा पहिलो जित दर्ता गरेको छ। बुधबार भएको खेलमा सुदूरपश्चिमले पोखरा एभेन्जर्सलाई ६ विकेटले पराजित गरेको हो।

त्यसअघि कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको पोखराले निर्धारित २० ओभरमा सात विकेट गुमाउँदै १४५ रनको योगफल बनाएको थियो।

पोखराका लागि अर्जुन घर्तीले उत्कृष्ट ब्याटिङ गर्दै २५ बलमा अविजित ४० रन बनाए। उनले चार चौका र एक छक्का प्रहार गरे।

त्यस्तै, महेदी हसनले २१ बलमा ३२ रन बनाउँदा कप्तान कुशल भुर्तेलले १७ बलमा २१ रनको योगदान दिए। शाकिब अल हसनले १६ बलमा १४ रन तथा धनञ्जय लक्षणले १६ बलमा ११ रन बनाए। सदीरा समरविक्रमा आठ रनमा आउट भए।

सुदूरपश्चिम रोयल्सका बलर अनिल खरेलले उत्कृष्ट प्रदर्शन गर्दै तीन विकेट लिए। उनले तीन ओभरमा २३ रन खर्चिए। त्यस्तै, स्कट कुगेलाइन, दीपेन्द्रसिंह ऐरी र हेमन्त धामीले समान एक-एक विकेट हात पारे।

# चौकुनेमा करदाता सेवा सुरू, अब प्यान र करसम्बन्धी काम गाउँपालिकाबाटै हुने

❐ **दिलीप कँडेल**
सुर्खेत, ११ कात्तिक



सुर्खेतको चौकुने गाउँपालिकामा करदाता सम्बन्धी सेवा स्थानीय तहमै उपलब्ध हुने भएको छ। आन्तरिक राजस्व कार्यालय सुर्खेतबाट प्रदान हुँदै आएका प्यान (PAN) नम्बर वितरण, कर संकलन तथा करदातासम्बन्धी प्रशासनिक सेवाहरू गाउँपालिकाबाटै उपलब्ध गराउने गरी सेवा हस्तान्तरण गरिएको हो।

२०८३ कात्तिक १० गते आयोजित विशेष समारोहका बीच उक्त सेवा औपचारिक रूपमा चौकुने गाउँपालिकालाई हस्तान्तरण गरिएको हो। कार्यक्रममा गाउँपालिका अध्यक्ष खडक बिबस बासपाने, प्रमुख प्रशासकीय अधिकृत दामोदर ज्ञावली, विभिन्न वडाका वडा अध्यक्षहरू तथा गाउँपालिकाका विभिन्न शाखाका शाखा प्रमुखहरूको उपस्थिति रहेको थियो।

यससँगै सुर्खेत जिल्लामा स्थानीय तहमार्फत आन्तरिक राजस्वसम्बन्धी सेवा प्रदान गर्ने पहिलो गाउँपालिकाका रूपमा चौकुने स्थापित भएको जनाइएको छ।

यसअघि प्यान नम्बर लिन, कर बुझाउन तथा करसम्बन्धी सामान्य प्रशासनिक कामका लागि समेत चौकुनेका नागरिक तथा व्यवसायीहरू सदरमुकाम वीरेन्द्रनगर पुग्नुपर्ने बाध्यता थियो। लामो दूरीको यात्रा, समय र खर्चका कारण सेवाग्राहीले विभिन्न समस्या भोग्दै आएका थिए। अब गाउँपालिकाबाटै उक्त सेवा उपलब्ध हुने भएपछि स्थानीय नागरिक तथा व्यवसायीलाई ठूलो राहत मिल्ने अपेक्षा गरिएको छ। गाउँपालिकामै करदाता सेवा सुरु हुनु स्थानीय सरकारको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ। यसले नागरिकलाई घरदैलोमै सरकारी सेवा उपलब्धगराउनेअवधारणालाई व्यवहारमा उतार्नुका साथै स्थानीय व्यवसाय, व्यापार तथा आर्थिक गतिविधिलाई समेत प्रोत्साहन गर्ने विश्वास गरिएको छ। चौकुने गाउँपालिकालाई सुर्खेत जिल्लाकै अग्रणी र नमुना स्थानीय तहका रूपमा विकास गर्ने लक्ष्यसहित सुरु गरिएको यस पहलले स्थानीय सरकारप्रति नागरिकको विश्वास अभिवृद्धि गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ। करसम्बन्धी सेवा लिन टाढा जानुपर्ने बाध्यता हट्दा नागरिकको समय र खर्च बचत हुनुका साथै सेवा प्रवाह थप सहज, सरल र नागरिकमैत्री बन्ने विश्वास गरिएको छ।यस ऐतिहासिक कार्यलाई सफल बनाउन सहयोग गर्ने आन्तरिक राजस्व कार्यालय सुर्खेत, जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण चौकुनेवासीप्रति गाउँपालिकाले आभार व्यक्त गरेको छ। गाउँकै सरकार, गाउँकै सेवा, समृद्ध चौकुने, हाम्रो अभियानु भन्ने भावनालाई आत्मसात् गर्दै चौकुने गाउँपालिकाले नागरिकलाई स्थानीय तहमै सहज र प्रभावकारी सेवा उपलब्ध गराउने दिशामा महत्त्वपूर्ण कदम चालेको छ।

# तीन महिनामा ७ खर्ब ६१ अर्बको वैदेशिक व्यापार, ५ खर्ब बढी घाटा

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, ११ कात्तिक

चालू आर्थिक वर्ष २०८३/८४ को तीन महिनामा ७ खर्ब भन्दा बढीको वैदेशिक व्यापार भएको छ। चालू आवको साउनदेखि असोजसम्म ७ खर्ब ६१ अर्ब ७ करोड रुपैयाँ बराबरको वैदेशिक व्यापार भएको हो।

यस अवधिको व्यापार गत आवको सोही अवधिको तुलनामा ४०.७१ प्रतिशत बढी हो।



अघिल्लो आवको सोही अवधिमा ५ खर्ब ४० अर्ब ८६ करोड रुपैयाँ बराबरको वैदेशिक व्यापार गरेको थियो।

चालू आवको साउनदेखि असोजसम्मको अवधि वैदेशिक व्यापारमा नेपालले ५ खर्ब ३२ अर्ब ४९ करोड रुपैयाँ बराबरको व्यापार घाटा व्यहोरेको छ। जुन घाटा गत आवको सोही अवधिको तुलनामा ३४.७१ प्रतिशत बढी हो। गत आवको सोही अवधिमा यस्तो घाटा ३ खर्ब ९५ अर्ब ३० करोड रुपैयाँ बराबरको थियो।

भन्सार विभागका अनुसार चालू आवको तीन महिनामा ६ खर्ब ४६ अर्ब ७८ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको छ। यो अघिल्लो आवको सोही अवधिको तुलनामा ३८.१८ प्रतिशत बढी हो। सो अवधिमा ४ खर्ब ६८ अर्ब ८ करोड रुपैयाँ बराबरको वस्तु आयात भएको थियो।

चालू आवको असोजसम्म एक खर्ब १४ अर्ब २८ करोड रुपैयाँ बराबरको वस्तु तथा सेवा नेपालबाट निर्यात भएको छ।

यो अघिल्लो आवको सोही अवधिको तुलनामा ५७.०३ प्रतिशत बढी हो। त्यसबेला ७२ अर्ब ७८ करोड रुपैयाँको वस्तु तथा सेवा निर्यात गरिएको थियो।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०७/१२**

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री डिलबहादुर थापा** धनी रहेको, **दर्ता नम्बर** ४१९८/०७५/०७६ बाट **वीरेन्द्रनगर-३, सुर्खेत**मा सञ्चालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **श्री दैलेखी थापा नास्ता पसल** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।







काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)